नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्याः
चलानी नं.:

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबरमहल,काठमाडौं

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

## स्वास्थ्य बीमा बोर्डद्वारा HIB e-Portal मार्फत अनलाईन आवद्धता तथा नवीकरण (Online Enrolment and Renewal) प्रणाली सुरुवात गरिएको सम्बन्धमा प्रेस विज्ञप्ति

आज मिति २०८३।०४।२९ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रममा नयाँ आबद्धता, बीमालेख नवीकरण, KYC Update लगायतका कार्यहरू विद्युतीय प्रणाली HIB e-Portal (www.eportal.hib.gov.np) मार्फत गर्न सकिने व्यवस्थाको औपचारिक शुभारम्भ भएको छ। श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा माननीय मन्त्री श्री निशा मेहताज्यूको समुपस्थितिमा मिति २०८३।०४।२२ गते यस विद्युतीय प्रणालीको अन्तिम तयारी तथा कार्यान्वयन सम्बन्धी आवश्यक कार्य सम्पन्न गरिएको थियो।

यो प्रणाली स्वास्थ्य बीमा बोर्डबाट स्वीकृत "विद्युतीय माध्यमबाट स्वास्थ्य बीमामा आवद्धता तथा बीमालेख नवीकरण सम्बन्धी कार्यविधि, २०८३" बमोजिम कार्यान्वयनमा ल्याइएको हो। यो प्रणाली राष्ट्रिय परिचयपत्र (NID) सँग समेत अन्तरआवद्ध गरी तयार गरिएको छ। NID नभएका परिवारका सदस्यले 'म्यानुअल' रूपमा समेत डिजिटल विवरण पेश गर्न सक्नेछन् । आवद्धता तथा नवीकरणका लागि हाल eSewa, Khalti र Connect IPS मार्फत सजिलै स्वास्थ्य बीमा Premium भुक्तानी गर्न सकिनेछ। यस प्रणालीमार्फत व्यक्ति स्वयं वा दर्ता सहयोगीले परिवारलाई डिजिटल माध्यमबाट स्वास्थ्य बीमामा आबद्ध तथा बीमालेख नवीकरण गर्न सक्नेछन्। विगतमा स्वास्थ्य बीमा गरिसकेका परिवारले पनि परिवारमूलीको स्वास्थ्य बीमा नम्बर मार्फत यस प्रणालीमा जोडिएर KYC Update तथा नवीकरण गर्न सक्नेछन्। साथै कार्यालय वा संगठित क्षेत्रबाट Bulk Enrollment तथा Bulk Renewal, जिल्ला तथा प्रदेशबाट प्रमाणीकरण तथा स्वीकृतिको व्यवस्था गरिएको छ र स्वीकृति पश्चात डिजिटल स्वास्थ्य बीमा कार्ड जारी हुनेछ।

विद्युतीय प्रणालीको कार्यान्वयनसँगै स्वास्थ्य बीमामा आबद्धता तथा नवीकरण प्रक्रिया थप सहज भई सेवाग्राहीको समय बचत हुनुका साथै सेवा प्रवाहमा पारदर्शिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ। साथै, KYC Update मार्फत बीमितको पुरानो विवरण अद्यावधिक तथा तथ्याङ्कको शुद्धता अभिवृद्धि गर्न समेत सहयोग पुग्नेछ। नेपाल सरकारले अघि सारेको डिजिटल सुशासनको अवधारणालाई साकार पार्दै स्वास्थ्य बीमा कार्यक्रमलाई क्रमशः पूर्ण रूपमा डिजिटल बनाउने प्रक्रियामा HIB e-Portal ले महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिइएको छ।

मितिः२०८३।०४।२९

Pawan

डा. पवन कुमार साह
व.मे.सु (प्रवक्ता)